जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९   स.नि.वि.हु.का.द.नं. ५/०६४/०६५

राजविराज दैनिक

वर्ष ३४   अंक ७२   २०८१ साल असोज २४ गते बिहीबार (10 Oct. 2024 Thursday)   मूल्य रु. ५/-

Log in : *rajbirajdainik.com.np*


बाढीबाट बच्ने उपायहरु
नियमित कृत्रिम घटना अभ्यास गर्ने ।
नदिको किनारमा समुदायका मानिसहरु मिलेर ग्याबिन जाली भर्ने ।
झटपट झोला घरमा सधैं तयारी अवस्थामा राख्ने ।
समुदायका मानिसहरु मिलेर घरधुरी/सामुदायिक विपद् पूर्व तयारी योजना निर्माण गर्ने ।
बाढीबाट सुरक्षाको लागि पूर्व चेतावनी प्रणाली स्थापना भएबमोजिम गर्ने । यदि बाढी आएमा समावेशी सुरक्षित स्थान तर्फ जाने ।
सुरक्षित स्थान

यस अंक भित्र : २ पृष्ठमा : सरकारी अस्पतालहरूमा भीड ... ३ पृष्ठमा : मोबाइलको लतबाट हटाउन ... ३ पृष्ठमा 'काश्मिरमा अपहरणपछि एक ...

जातपातमा होइन, विकास गर्न सक्ने सक्षम नेतृत्वलाई अवसर दिनुपर्छ : मन्त्री साह

दैनिक समाचारदाता
राजविराज, २३ असोज ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री नवलकिशोर साहले जातपातमा होइन, विकास गर्न सक्ने सक्षम नेतृत्वलाई अवसर दिनुपर्ने बताएका छन् ।

बुधबार सप्तरीको तिरहुत गाउँपालिकामा समाजसेवी प्रकाश मेहताद्वारा दशैं, तिहार तथा छठ पर्वको अवसर पारेर आयोजना गरेको शुभकामना आदान प्रदान कार्यक्रमलाइ प्रमुख अतिथिको रुपमा सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् ।

मन्त्री साहले जातपात भन्दा पनि विकास गर्न सक्ने उम्मेदवारलाई चुनावमा जिताई आफ्नो क्षेत्रको विकास गर्न अवसर दिनुपर्ने उल्लेख गरे ।

"आफू कुनै एक पार्टीको भोटले जितेको मात्र नभई विभिन्न राजनीतिक दल समर्थक मतदाता समेतले दिएको मतबाट नै प्रतिनिधिसभामा पुगेको हुँ ।" उनले भने ।

सोही क्षेत्रबाट प्रतिनिधिसभामा निर्वाचित मन्त्री साहले सबैको साथबाट नै आफू चुनाव जितेको दाबीका साथ सबैको भलाई हुने दृष्टिकोणबाट आफूले शासक नभई सेवकको रुपमा काम गरिरहेको र भावी दिनमा पनि सेवककै रुपमा यस क्षेत्रको जनताका लागि काम गर्ने प्रतिबद्धता व्यक्त गरे ।

कार्यक्रमका आयोजक प्रकाश मेहताको अध्यक्षतामा आयोजित शुभकामना आदान प्रदान कार्यक्रममा जसपा नेता एवं संचारकर्मी भोला पासवान, महिला नेतृ अनुराधा साह, रामराजा स्वास्थ्य विज्ञान प्रतिष्ठानका अध्यक्ष डा. पशुपति चौधरी, सरस्वती जनता माध्यमिकका प्रधानाध्यापक रामलखन मण्डल, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सरस्वती कुमारी मण्डल, तिरहुत गाउँपालिकाका पूर्वउपाध्यक्ष तिर्थमाया खंङ्ग, शिक्षक बिनोद यादव, रामकुमार यादव लगायतले पनि शुभकामना दिएका थिए ।

कार्यक्रममा ५० जना जेष्ठ नागरिकलाई प्रमुख अतिथि मन्त्री साहले दोसल्ला तथा कदरपत्रबाट सम्मान गरेका थिए । यस्तै आयोजकले क्षेत्रको विकासमा योगदान गरेवापत मन्त्री साह तथा स्वास्थ्य क्षेत्रमा योगदान गरेवापत वरिष्ठ डा. पशुपति चौधरीलाई दोसल्ला तथा कदरपत्रबाट सम्मान गरेका थिए ।

स्कारपियोबाट १ सय २० किलो गाजाँसहित दुई जना पक्राउ

दैनिक समाचारदाता
राजविराज, २३ असोज ।

सप्तरी प्रहरीले मंगलबार प्रतिबन्धित लागुऔषध गाजाँसहित एक स्कारपियो र दुई जनालाई पक्राउ गरेको छ ।

जिल्लाको कञ्चनरुप नगरपालिका बडा नम्बर ७ स्थित प्रहरी चौकी धरमपुरको चेक प्वाइन्टमा खटिएको प्रहरी टोलीले विहान ६ बजेतिर फत्तेपुरदेखी कञ्चनपुरतर्फ आउदै गरेको विआर ०७ विए ४५७८ स्कारपियोबाट १ सय २० किलो गाजाँसहित दुई जनालाई पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा स्कार्पियो चालक सिरहा भगवानपुर गाउँपालिका वडा नम्बर ४ बस्ने वर्ष ३७ बर्षीय चन्देश्वर चौधरी र सह-चालक सोही ठाउँका वडा नम्बर २ बस्ने ६०

बाँकी अन्तिम पृष्ठमा

अनुगमनमा कडाई गर्दा व्यापारी आन्दोलनमा

दैनिक समाचारदाता
राजविराज, २३ असोज ।

बुधबार राजविराजमा संयुक्त बजार अनुगमन टोलीले अनुगमन गर्दा व्यापारीहरु आन्दोलित भएका छन् । उनीहरु अनुगमनको बिरुद्ध प्रदर्शन समेत गरेका छन् ।

अनुगमनको नाममा आफूहरुलाई चाडपर्वको बेला पनि अनावश्यक दु:ख दिन थालेको भन्दै व्यापारीहरु बजार बन्द गर्दै सडकमा टायर बालेर प्रदर्शन गरेका छन् । उनीहरुले स्थानीय प्रहरी प्रशासन बिरुद्ध चर्को नाराबाजी समेत गरेका छन् ।

भगवती मन्दिर रोडमा रहेको गोपाल एण्ड वजरंग ट्रेर्डसमा अनुगमन टोलीले अनुगमन गर्दा खुकुरी चुरोटको बट्टामा आन्तरिक राजस्व कार्यालयको नक्कली स्टिकर टाँसिएको भेटिएपछि चुरोट नियन्त्रणमा लिएको थियो ।

प्रदर्शनमा उत्रेका व्यापारीहरुले प्रहरीकै मिलोमतोमा सीमानाकाबाट तस्करी हुने गरेको तथा ती कार्यलाई कडाई नगरि टोलीले उल्टै व्यापारीहरुलाई अनावश्यक तनाव दिने गरेको आरोप पनि लगाएका छन् ।

व्यापारीहरु बजार बन्द गरेर आन्दोलित हुन पुग्दा दशैंको बेला उपभोक्ताहरु मर्कामा परेका थिए ।

बोलेरो दुर्घटनामा सप्तरीका सहचालकको मृत्यु

दैनिक समाचारदाता
सुनसरी, २३ असोज ।

सुनसरीको ईनरुवा नगरपालिका ३ स्थित पुर्व पश्चिम लोकमार्गमा बोलेरो गाडी अनियन्त्रित हुँदा सप्तरी निवासी सहचालकको मृत्यु भएको छ ।

मंगलबार मधेश प्र.०१-००१ च ०८४४ नम्बरको बोईलर कुखुरा बोकेको बोलेरो गाडी आफै अनियन्त्रित भई दुर्घटना हुँदा सप्तरीको सुरुङ्गा नगरपालिका २ का २१ बर्षीय विजय कुमार चौधरीको मृत्यु भएको हो ।

दुर्घटनामा घाईते भएका सहचालक चौधरीको उपचारका क्रममा जिल्ला अस्पताल ईनरुवामा मृत्यु भएको सुनसरी प्रहरीले जनाएको छ ।

सोही दुर्घटनामा घाईते भएका चालक राजबिराज नगरपालिका ६ का संजिव साह हलुवाइको बिराट नर्सिङ होम बिराटनगरमा उपचार भईरहेको छ । घटना सम्बन्धमा जिल्ला प्रहरी कार्यालय सुनसरीबाट थप अनुसन्धान भईरहेको जनाएको छ ।

हार्दिक मंगलमय शुभकामना

विजयादशमी २०८१ को पुनित अवसरमा
सुस्वास्थ्य, दिर्घायु, शान्ति तथा
अमनचयनको कामना गर्दै सम्पूर्ण
गाउँपालिकावासी तथा
कर्मचारीहरुमा हार्दिक मंगलमय
शुभकामना व्यक्त गर्दछौं ।

ओमप्रकाश मण्डल
अध्यक्ष

राजगढ गाउँ कार्यपालिकाको कार्यालय
नर्घो, सप्तरी

सरकारी अस्पतालहरूमा भीड व्यवस्थापन

डा बच्चुकैलाश कैनी

काठमाडौँ, २३ असोज (रासस)।

नेपालका सरकारी अस्पतालहरू स्वास्थ्य सेवाको मेरुदण्ड हुन्। सबैको पहुँचमा भएर पनि हुनेखाने सहरिया वा उच्च वर्गकाहरू व्यवस्थापनका लागि सरकारी अस्पतालहरू कहिल्यै जान नहुने वा गए इज्जत जाने क्षेत्र जस्तै भए पनि सर्वसाधारण जनताका लागि सुलभ र सुपथ रूपमा स्वास्थ्य सेवा प्रदान गर्न सरकारी अस्पतालहरूको उल्लेख्य भूमिका छ। सरकारी अस्पतालहरूमा आधारभूतदेखि सबै प्रकारका विशिष्ट स्वास्थ्य सेवाहरू उपलब्ध छन्। सरकारी अस्पतालहरूले स्वास्थ्य जनशक्ति उत्पादन गर्न, उनीहरूको दक्षता अभिवृद्धि गर्न र देशभर स्वास्थ्य सञ्जाल विकास तथा विस्तार गर्न उच्च प्रकारको भूमिका खेलेका छन्। यसका लागि राज्यले निकै ठूलो रकम खर्च गरेको पनि छ। तर पनि सरकारी अस्पतालप्रति आम जनताको त्यति सकारात्मक दृष्टिकोण छैन। यसका मुख्य कारणहरूमध्ये सरकारी अस्पतालहरूको फितलो व्यवस्थापन, मागअनुसार कम स्रोतसाधन र जनशक्तिका कारण अस्पतालहरूमा लाग्ने भीड, सेवा लिन पर्खनुपर्ने लामो समय, अस्पतालमा कम गुणस्तरको सुविधा, स्वास्थ्यकर्मीहरूको बोलीव्यबहार आदि हुन्।

अहिलेको अवस्थामा अधिकांश केन्द्रीय, विशिष्ट, प्रादेशिक र अधिकांश जिल्ला अस्पतालमा बिरामीहरूको भीड लाग्ने गरेको छ। यसरी भीड लाग्नुको प्रमुख कारण भनेको सरकारी स्वास्थ्य क्षेत्रमा माग र आपूर्तिको बीचमा अन्तर हुनु हो। अर्थात् अर्थशास्त्रको सिद्धान्त जस्तै माग बढी हुनु र स्वास्थ्य सेवा पर्याप्त नभएको अवस्थामा सरकारी अस्पतालहरूमा भीड लाग्छ। जब आवश्यक मात्रामा सरकारी अस्पतालहरूमा भौतिक पूर्वाधार, जनशक्ति, स्रोत र साधन उपलब्ध हुँदैन, तब चाहिए जति स्वास्थ्य सेवा र सुविधा उपलब्ध गराउन सकिँदैन। अनि स्वाभाविक रूपमा भीड बढ्छ। तसर्थ, सम्बन्धित निकाय र स्वास्थ्य संस्थाले बिरामीको भीड व्यवस्थापनका लागि कार्य योजना बनाई उचित कदम चाल्नुपर्छ। त्यसो गरेमा हरेक स्वास्थ्य संस्थामा लाग्ने बिरामीको भीड व्यवस्थापन हुन्छ।

पछिल्लो तथ्याङ्कअनुसार काठमाडौँ उपत्यकामा आठ सय ५० जनसङ्ख्याका लागि एकजना चिकित्सक भए पनि नेपालको ग्रामीण भेगमा भने हरेक एक लाख ५० हजार जनसङ्ख्याका लागि एकजना चिकित्सक उपलब्ध छन्। काठमाडौँ उपत्यकाको तथ्याङ्कलाई बिर्सने र नेपालको ग्रामीण भेगको स्वास्थ्य सेवाको दृश्य हेर्ने हो भने अहिले पनि नेपालमा सबै जनसङ्ख्याका लागि विश्व स्वास्थ्य सङ्गठनले तोकेको हरेक एक हजार मानिसका लागि एक चिकित्सक उपलब्ध छैनन्।

नेपालमा हरेक वर्ष झन्डै दुई हजार एमबिबिएस र करिब त्यसको आधा विशिष्ट पोस्ट ग्रयाजुएट चिकित्सक जनशक्ति स्वास्थ्य सेवाका लागि तयार हुन्छन्। के पर्याप्त चिकित्सक वा स्वास्थ्यकर्मी हुँदैमा अस्पतालमा भीड नलाग्ने पक्कै होइन। सरकारी अस्पतालहरूमा भीड हुनाका कारण चिकित्सकको कमी, स्रोत र साधनको मात्रै हैन सरकारी अस्पतालको कमजोर व्यवस्थापन पनि भीड लाग्नुको अर्को मुख्य कारण हो। सरकारी अस्पतालहरूको नेतृत्व गर्ने व्यक्ति जिम्मेवार, जवाफदेही, पारदर्शी र दक्ष हुने हो भने सरकारी अस्पतालहरूको व्यवस्थापनमा व्यापक सुधार गर्न सम्भव छ। सेवाग्राहीहरूले चाहेजस्तो सेवा उपलब्ध गराउन र उनीहरूलाई सन्तुष्ट पार्न अस्पतालको नेतृत्व र व्यवस्थापनको अहम् भूमिका हुन्छ।

सरकारी स्वास्थ्य सेवाको सन्दर्भमा देखिएको कमजोरी के पनि हो भने अस्पतालको नेतृत्वमा दक्ष र राम्राभन्दा पनि मन्त्री वा नेताहरूको नजिक हुने वा 'हाम्रा' मान्छेहरूलाई ठूला सरकारी अस्पतालहरूको नेतृत्व वा कार्यकारी पदमा नियुक्ति दिनु हो। त्यसरी आएको नेतृत्वले न त सही स्रोत र साधनको उपयोग गर्न सक्छ, न त अस्पतालको सेवासुविधा र गुणस्तरको सुधार नै गर्न सक्छ। त्यसैले त्यस्तो प्रवृत्तिको अन्त्य गरी सरकारी अस्पतालहरूको नेतृत्व नियुक्ति गर्नका लागि एउटा छुट्टै स्वतन्त्र निकायको स्थापना हुनु जरुरी छ। त्यसले त्यस्ता पदहरूमा नियुक्तिको मापदण्ड तयार गरी विशेष प्रतियोगिताबाट योग्य र सक्षम व्यक्ति नियुक्ति गर्न सकोस्।

अस्पताल एक विशिष्ट किसिमको संस्था हो। अस्पताल सञ्चालन गर्नका लागि समग्र स्वास्थ्य सेवा व्यवस्थापनजस्तै, रणनीति बनाउनसक्ने ज्ञान र दक्षता, आर्थिक व्यवस्थापन, कर्मचारी व्यवस्थापन, क्लिनिकल र अन्य सेवा व्यवस्थापन, नियम कानुन आदिको ज्ञान जरुरत पर्छ। अस्पतालहरूको नेतृत्वदायी भूमिकामा केवल चिकित्सकहरूलाई मात्रै नियुक्ति दिने गरिन्छ। त्यस्तो व्यक्ति अस्पताल व्यवस्थापन, नेतृत्व र सञ्चालनमा तालिम प्राप्त छभने दिनु राम्रै हुन्छ। कुनै चिकित्सक आफ्नो मेडिकल क्षेत्रमा विज्ञ हुन सक्छ तर ऊ अस्पताल व्यवस्थापनको पनि विज्ञ नहुन पनि सक्छ। त्यसैले सरकारी अस्पतालको नेतृत्व लिने व्यक्तिलाई स्वास्थ्य मन्त्रालयले विशेष किसिमको स्वास्थ्य सेवा व्यवस्थापन तालिम दिएर अस्पतालको स्रोत र साधनको अधिकतम उपयोग गरी भीड घटाउने कार्ययोजना बनाउने, स्वास्थ्य सेवा प्रभावकारी बनाउने, अस्पतालको बजेटलाई सही रूपमा खर्च गर्ने, सबै सेवाग्राहीलाई सन्तुष्ट बनाउनेजस्ता प्रभावकारी काम गर्नसक्ने बनाउनु आवश्यक हुन्छ।

सरकारी अस्पतालहरूमा भीड कम गर्न सूचना प्रविधिको अधिकतम उपयोग गर्नु पनि जरुरी छ। समय तालिकाको व्यवस्थापन, नयाँ वा फलोअप बिरामीको नाम अग्रिम रूपमा अनलाइन पद्धतिबाट दर्ता गर्ने, मेडिकल रेकर्ड व्यवस्थापन गर्न, एकीकृत सूचना प्रणालीद्वारा सबै सरकारी अस्पतालहरूको स्रोत र साधन उपयोग गर्नेदेखि दुर्गम क्षेत्रमा टेलिमेडिसिन सेवा उपलब्ध गराउन सूचना प्रविधिको उपयोग गर्न सकिन्छ। एकीकृत सूचना प्रणालीद्वारा स्वास्थ्य सेवाको माग र आपूर्ति, स्रोत र साधनका बारेमा सबै स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थाहरूलाई दैनिक तथ्याङ्क उपलब्ध गराउने हो भने स्वास्थ्य सेवामा माग र आपूर्तिको सन्तुलन मिलाउन सकिन्छ। ग्रामीण भेग वा स्वास्थ्य सेवाको पहुँच नपुगेका जनतालाई टेलिमेडिसिनमार्फत फलोअप वा नियमित स्वास्थ्य सेवा दिने हो भने अस्पतालको भीड घटाउन सकिन्छ।

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेल नेतृत्वमा आएपछि सङ्घीय तथा केन्द्रीय अस्पतालहरूमा अनलाइन पद्धतिबाट नाम दर्ता प्रणाली सुरु भएको छ। यो कदम निकै स्वागतयोग्य छ। अस्पतालहरूमा भीड व्यवस्थापन गर्न र घटाउनका लागि यसको सकारात्मक प्रभाव परेको छ। यसका लागि आमनागरिकले थाहा पाउनेगरी जनचेतना बढाउन, प्रयोगमैत्री प्रविधि उपयोग गर्न र सूचना प्रविधिको पहुँच आम नागरिकसम्म पुऱ्याउन सम्बन्धित निकायले उल्लेख्य भूमिका खेल्नु जरुरी छ। हरेक अस्पतालमा आउने बिरामीहरूलाई पहिलोपटक नाम दर्ता गरिसकेपछि फलोअपमा आउँदा वा अरू कसैको लागि अनलाइनबाट नाम दर्ता गर्दा के कसरी गर्ने भन्ने जानकारीसहितको पर्चा दिने, अस्पतालको बहिरङ्ग र अन्य क्षेत्रमा जानकारीमूलक बोर्ड राख्ने र स्वास्थ्यकर्मीहरूले यससम्बन्धी जानकारी बिरामी वा बिरामीका आफन्तलाई दिने हो भने अनलाइन नाम दर्ता प्रणाली लोकप्रिय हुनेछ र यसको प्रभावकारिता पनि बढ्नेछ।

हरेक सरकारी अस्पतालका आ-आफ्नै विशेषता र कमजोरीहरू पनि हुन्छन्। तिनको पहिचान गरी आफ्नो अस्पतालको पूर्वाधार, जनशक्ति, स्रोत र साधनको कसरी अधिकतम उपयोग गर्न सकिन्छ, अस्पतालको सेवा र गुणस्तरको कसरी सुधार गर्न सकिन्छ, त्यसको अध्ययन गरी कार्ययोजना बनाउने र लागू गर्ने काम अस्पताल नेतृत्वको हो। यदि अस्पतालमा यस्तो अध्ययन गर्नसक्ने र योजना बनाई लागू गर्नसक्ने जनशक्ति छैन भने यस्तो काम गर्नसक्ने कुनै फर्म वा विशिष्ट दक्ष परामर्शदाताको सहयोग लिन सकिन्छ। यस्तो पुनरवलोकन र सुधार योजना बनाउनका लागि स्वास्थ्य व्यवस्थापन क्षेत्रमा केही व्यवस्थापकीय विधि वा तरिका पनि प्रचलनमा छन्। यी विधिहरू नेपालमा पनि प्रयोग गर्न सकिन्छ। हरेक सरकारी अस्पतालले अस्पतालको सेवा र गुणस्तरको सुधारका लागि कार्ययोजना बनाई सेवा लागू गर्दा अस्पतालमा भीड कम हुने मात्रै कम हुने हैन, व्यवस्थापकीय कमी कमजोरीमा पनि सुधार ल्याउन सकिन्छ।

कुनै पनि स्वास्थ्य संस्था वा अस्पतालमा बिरामीको भीड पूर्णरूपमा सधैँ शून्यमा झार्न सकिँदैन। स्वास्थ्य सेवामा यो परिकल्पना पनि गरिँदैन। स्वास्थ्य सेवा वा अस्पतालको प्रकृति नै त्यस्तो हो, जहाँ कहिलेकहीँ नसोचेको बिरामीको भीड लाग्नसक्छ। अस्पतालको क्षमता र बिरामीको चापबीच असन्तुलन हुनसक्छ। अस्पताल व्यवस्थापनको सिद्धान्तमा बिरामीलाई उपलब्ध गराउने सेवा र सुविधाहरूको गुणस्तर सुधार, बिरामीलाई सेवाप्रति सन्तुष्ट पार्दै भीड व्यवस्थापन गर्ने तरिका र विधिका बारेमा पढ्ने र पढाउने गरिन्छ। यस्तो तालिम बिरामीको भीड व्यवस्थापन गर्न स्वास्थ्य संस्थाको नेतृत्व लिने व्यक्तिले लिनु जरुरी छ।

नेपालको सरकारी निकायहरूमा स्रोत र साधनको दुरुपयोग हुन्छ वा सही मात्रामा सदुपयोग हुँदैन। कतिपय स्रोत साधनको अधिकतम र उचित उपयोग हुँदैन र व्यर्थमा खेर गइरहेको हुन्छ। कतिपय भौतिक पूर्वाधार, जनशक्ति र स्रोत जहाँ जसरी प्रयोग हुनुपर्ने हो, त्यसरी प्रयोग हुँदैन। स्वास्थ्य क्षेत्रमा पनि त्यस्तै खेर गएको पूर्वाधार, स्रोत, साधन र जनशक्तिको पहिचान गरी उचित रूपमा उपयोग गर्नुपर्ने हुन्छ। विकसित मुलुकहरूमा सुधारिएको र प्रभावकारी स्वास्थ्य सेवाका लागि खेर गएको स्रोत र साधनको पहिचान गरी स्वास्थ्य सेवा प्रभावकारी बनाउन विभिन्न कार्यक्रम र योजना बनाई लागू गर्ने प्रचलन छ।

कुनै पनि स्वास्थ्य सेवा, कार्यक्रम र योजना चुनौतीरहित हुँदैनन्। बेलायतजस्तो विकसित मुलुकमा पनि सरकारले बिरामीलाई समयमा नै स्वास्थ्य सेवा दिन, भीड व्यवस्थापन गर्न र बिरामीको चाप थेग्न सकेको छैन। अहिलेको अवस्थामा सरकारी अस्पतालहरूमा केही ज्वलन्त समस्याहरू र सेवा प्रदान गर्न चुनौतीहरू पनि छन्। सरकारी अस्पतालहरूको भीड कम गरी स्वास्थ्य सेवालाई प्रभावकारी, चुस्त र सर्वसुलभ बनाउन यस्तो स्वास्थ्य सेवा कार्यक्रमहरू तर्जुमा गरी लागू गर्दा सेवाग्राही, स्वास्थ्य संस्था र स्वास्थ्यकर्मी सबैका लागि उपयोगी हुनेछ। (लेखक बेलायतमा स्वास्थ्य सेवा व्यवस्थापनको क्षेत्रमा परामर्शदाता र प्राध्यापकका रूपमा कार्यरत हुनुहुन्छ)

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

विभिन्न राजमार्गका पाँच खण्ड पूर्ण अवरुद्ध, आठ सडकखण्डमा एकतर्फी आवागमन

काठमाडौँ, २३ असोज (रासस)।

यही असोज १० देखि १२ गतेसम्मको भारी वर्षाका कारण आएको बाढीपहिरोले अवरुद्ध पारेका विभिन्न राजमार्गका पाँच खण्ड अझै खुल्न सकेका छैनन्।

बाढीपहिरोले अवरुद्ध पारेका चार दर्जनभन्दा बढी सडकखण्ड खुलाइए अझै पाँच वटा सडकखण्ड पूर्णरुपमा अवरुद्ध रहेको प्रहरीले जनाएको छ।

नेपाल प्रहरीका अनुसार अन्य आठ वटा सडकखण्ड भने एकतर्फी खुलाएर यातायात सञ्चालन गरिएको छ। प्रहरीका केन्द्रीय प्रवक्ता, प्रहरी नायब महानिरीक्षक दानबहादुर कार्कीका अनुसार अवरुद्ध सडक खुलाउने प्रयास जारी छ।

नेपाल प्रहरीले सार्वजनिक गरेको विवरणमा यही ११ गतेदेखि बन्द रहेको काभ्रेपलाञ्चोकको रोशीस्थित बिपी राजमार्गको चारसयवेसी खण्ड पूर्णरुपमा अवरुद्ध छ। सोही राजमार्गको भ्याकुरे, रामेछापको मन्थली नगरपालिका-६ को सेलेघाट, भोटेकोशीको रामेछाप-सिन्धुली-खुरकोट, भोटेकोशीको बाह्रविसे-तातोपानी सडक तथा बझाङको जयपृथ्वी राजमार्गको बालुवाटार खण्ड पूर्णरुपमा अवरुद्ध रहेको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार गोदावरीको लेले-टिकाभैरब, तह्रथुमको मध्यपहाडी लोकमार्गको तीनघरे, पाँथर फिदिमस्थित मेची राजमार्गको रमिते, भिमफेदीस्थित कान्ति लोकथप एकतर्फी रुपमा खुलाइएको छ।

रोशीस्थित बिपी राजमार्गको कालढुङ्गा खण्ड, घुमाउने, हनुमानगढी केराघारी खण्ड र पृथ्वी राजमार्गको बेनीघाट कृष्णभीर खण्ड पनि एकतर्फी खुलाएर यातायात सञ्चालन गराइएको प्रहरीले जानकारी दिएको छ।

उक्त विपद्मा परेर अहिलेसम्म दुई सय ४६ जनाको मृत्यु भइसकेको छ। अझै १८ जना जना बेपत्ता छन्।

दोहोरो नागरिकताको समस्याबारे गम्भीर छलफल आवश्यक छ : प्रधानमन्त्री

काठमाडौँ, २३ असोज (रासस)।

प्रधानमन्त्री केपी शर्मा ओलीलाई प्रधानमन्त्री दैवी प्रकोप राहत कोषका लागि बुधबार गैह्रआवासीय नेपाली सङ्घ (एनआरएनए) अन्तर्राष्ट्रिय समन्वय परिषद्ले रु ५१ लाख हस्तान्तरण गरेको छ।

प्रधानमन्त्री निवास, बालुवाटारमा प्रधानमन्त्री ओलीलाई सङ्घका अध्यक्ष डा बद्री केसीसहितको प्रतिनिधिमण्डलले उक्त रकम हस्तान्तरण गरेको हो। अध्यक्ष डा केसीले हालैको बाढीपहिरो र डुबानको खबरले आफूहरू दुःखित हुँदै कोषमा सहयोगका अतिरिक्त प्रभावित क्षेत्रमा रु एक करोड बराबरको राहत उपलब्ध गराउने कार्य भइरहेको जानकारी गराउनुभयो। उहाँले 'एनआरएनए नागरिकता' प्राप्त भएपछि आर्थिक र सामाजिक काममा पनि त्यसको प्रयोगमा समस्या रहेको गुनासो गर्नुभयो।

प्रधानमन्त्री ओलीले विपद्का समयमा मानवीय सहयोग गरेकामा सङ्घलाई धन्यवाद दिँदै एक पटकको नेपाली सधैँको नेपाली हुने भए पनि विदेशको नागरिकता लिएपछि नेपालमा राजनीतिक अधिकार प्रयोग गर्न नमिल्ने स्पष्ट गर्दै दोहोरो नागरिकता समस्याको समाधानका लागि गम्भीर छलफल आवश्यक पर्ने

बाँकी अन्तिम पृष्ठमा

मोबाइलको लतबाट हटाउन बालबालिकालाई 'फन पार्क'

मधु शाही

काठमाडौँ, २३ असोज (रासस)।

'की मोबाइल खेल्न दिनु, नभए घुमाउन लैजानु' भनेर छोराले दुई सर्त राखेपछि पुतलीसडककी जेनी बुढाथोकीले घुमाउन ठिक ठान्नुभयो। मोबाइल माग्दै रोइरहेको छोरालाई लिएर उहाँ नजिकैको भृकुटिमण्डपस्थित काठमाडौँ 'फन पार्क' पुग्नुभयो।

फन पार्ककमा थुप्रै खेलौँनासँग खेल्दा खेल्दै छोराले मोबाइल बिर्सिएपछि बुढाथोकी भन्नुहुन्छ, "मोबाइल हेर्नुभन्दा त फन पार्कमा खेलाउनु नै ठिक नि।" दसैँतिहार पर्वको अवसरमा सबै विद्यालय बन्द छन्। बालबालिका स्कुल बिदा भएकाले घरमै बस्न बाध्य छन्। बालबालिकालाई भुलाउने र खेलाउने थलो खोज्दै अभिभावकले फन पार्क रोज्नुभएको छ।

डिल्लीबजारकी लक्ष्मी श्रेष्ठ अचेल नातिनातिनिलाई घुमाउन फन पार्क र बाल उद्यान पुग्नुहुन्छ। दसैँतिहार पर्वमा एक महिनाको स्कुल बिदा भएकाले दिनभरी बालबालिकालाई खेलाउन उहाँलाई बाल उद्यान खोज्नु परेको हो।

कोठामा राख्दा राख्दै केटाकेटीले खाली मोबाइल र टेलिभिजनमा झुम्मिने बानीदेखि जोगाउन उहाँले पनि फन पार्क घुमाउन आउने गरेको बतानुभयो। भृकुटिमण्डपस्थित फन पार्कमा नातिनातिलाई खेलाउँदै गर्नुभएकी श्रेष्ठले खुला चौर र प्रशस्त खेल्ने स्थानको अभाव भएको हुँदा बालबालिकालाई फन पार्क ल्याउनु परेको सुनाउनुभयो।

"घर वरिपरि खेल्ने न आँगन ठूलो छ न चौर नै", उहाँले भन्नुभयो, "कोठामा थुनिरहनुभन्दा फन पार्क घुमाउन आउँछु।"

शान्तिनगरकी भगवती महर्जनलाई सात वर्षे छोराको मानसिक र शारीरिक विकासमा निकै चासो छ। स्कुल बिदाको समयमा उहाँ जति सक्दो धेरै छोरासँग खेल्न र खेलाउन रुचाउनुहुन्छ। "फन पार्कमा आउँदा म पनि बच्चा जस्तै हुन्छु", उहाँले भन्नुभयो,"पर्वको बेला परिवार र छोराछोरीलाई भरपुर समय दिने मन हुन्छ।"

महर्जनले भने जस्तै, बानेश्वरका संजोग जैशीले जागिरको व्यस्तता छिचोल्दै १० वर्षको छोरी लिएर फन पार्कमा रमाउन आएको बताउनुभयो। स्कुल हुँदा छोरी र बुबाको भेटघाट नै मुस्किलले हुने गर्ने बताउँदै उहाँले छुट्टीमा सकभर छोरीलाई खेलाउने योजना रहेको बताउनुभयो।

"बिहानै स्कुल पुग्ने छोरी बेलुका कामबाट फर्किँदा निदाइसकेकी हुन्छिन्", उहाँले भन्नुभयो, "स्कुल बिदा भएपछि खुसीले फुर्किएकी छोरी घुमाउने अभिभावकको जिम्मेवारी महसुस भएको छ।" जैशीले छोरीलाई खानपिन र किनमेलमा भन्दा पनि धेरैभन्दा फन पार्कमा खेलाउन उपयुक्त हुने बताउनुभयो। फन पार्कमा खेल्दा बाहिरी मौसम नियाल्दै थुप्रै जीवन उपयोगी ज्ञान आर्जन गर्न सकिने उहाँको बुझाइछ।

यस्तै बागबजारकी सम्झना कार्कीको अहिले पूरै समय दुई छोराकै लागि छुटचाउनुभएको छ। चाडपर्वमा एक महिना स्कुलले बिदा दिएपछि उहाँ छोराछारीप्रति झनै व्यस्त हुनुभएको हो। स्कुल बिदामा अभिभावकले बालबालिकालाई खुसी बनाइराख्न विभिन्न उपाय अपनाउनुपर्छ। जसमा कार्कीले फन पार्कमा खेलाएरै उनीहरूलाई रमाइलो गराउने गरेको उहाँले बताउनुभयो।

"समयले भ्याएसम्म बाल उद्यान (खेल्ने ठाउँ) लैजान्छु", उहाँले भन्नुभयो,"केटाकेटी खुसी भए, हामी अभिभावक यसै खुसी भइँदोरहेछ।" उहाँका अनुसार काठमाडौँमा बालबालिकाले खेल्ने प्रशस्त बालमैत्री उद्यान नभएको गुनासो छ। रत्नपार्क र काठमाडौँ फन पार्क बाहेक अन्य बालमैत्री उद्यानको अभाव रहेको उहाँले सुनाउनुभयो।

पर्वको अवसरमा झन्डै एक महिना स्कुल बिदा भएपछि फन पार्कमा बालबालिका खेल्ने र घुम्न आउने सङ्ख्या बढेको काठमाडौँ फन पार्कका कर्मचारी राजकुमार खत्रीले बताउनुभयो। उहाँका अनुसार अरु बेला शनिबार बालबालिकाको बढी घुइँचो लाग्ने गर्थ्यो भने अहिले हरेक दिन बालबालिका आउन थालेका छन्। दसैँतिहार पर्वमासमेत फन पार्क खुला हुने उहाँले बताउनुभयो।

दसैँतिहार पर्व मनाएपछि रमाइलो गर्न चाहने बालबालिकाका लागि फन पार्कमा खुला हुने गरेको उहाँले जानकारी दिनुभयो। विगतको अनुभव सुनाउदैँ दसैँको टीका लगाएर अभिभावकले छोरोछोरी फन पार्कमा खेलाउन ल्याउने गरेको खत्रीले बताउनुभयो। "सानादेखि ठूलाले पर्वमा फन पार्क आएर रमाइलो गर्नुहुन्छ," उहाँले भन्नुभयो,"काठमाडौँ बाहिर जानेहरूको सङ्ख्या धेरै भएकाले पर्वको बेला चाप भने कमै हुन्छ।"

दसैँतिहार जस्ता चाडपर्वमा बालबालिकाले देखेर, सुनेर र अनुभव गरेर धेरै बाहिरी ज्ञान आर्जन गर्न सक्ने डा अरुण कुँवरले बताउनुभयो। यसका लागि परिवार र आफन्तले बालबालिका अनुकुल समय दिनु आवश्यक छ। छोराछोरीको व्यक्तित्व विकास गर्न र सामाजिक अन्तरघुलन स्वभाव उजागर गराउन अभिभावकले सकेसम्म घरबाहिरै खेलाउन उपयक्तु हुने उहाँको धारणा छ। बाहिर जति केटाकेटी खेल्छन्, उति मोबाइल जस्ता डिजिटल लतबाट टाँढिन सजिलो हुन्छ," डा, कुँवरले भन्नुभयो।

संयुक्त राष्ट्रसंघको शरणार्थी पुरस्कार ब्राजिलीयाली भिक्षु माइलेसीलाई, नेपालकी गुरुङ पनि सम्मानित

जेनेभा, २३ असोज (रासस/एएफपी)।

आप्रवासी र शरणार्थीको अधिकारका लागि दशकौँ लामो समयदेखि काम गर्दै आएकी ब्राजिलीयाली भिक्षुणी रोसिटा माइलेसीले बुधबार संयुक्त राष्ट्रसङ्घीय शरणार्थी निकाय (युएनएचसिआर)को नानसेन पुरस्कार जित्नुभएको छ।

७९ वर्षीय माइलेसीले ४० वर्षको अवधिमा ब्राजिलमा कानुनी कागजात, आवास, खाना, स्वास्थ्य सेवा, भाषा प्रशिक्षण र श्रम बजारमा पहुँच पुऱ्याउन हजारौँ मानिसलाई सहयोग गरेको युएनएचसीआरले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

माइलेसीसहित चार क्षेत्रीय पुरस्कार पनि सबै महिलाहरूलाई दिइएको छ। माइलेसीसँगै क्षेत्रीय पुरस्कारबाट नेपालकी दीप्ति गुरुङ, बुर्किना फासोकी मैमौना बा, , सिरियाली जिन डाभोद, सुडानी शरणार्थी नाडा फाडोल सम्मानित भएका छन्।

सम्मानित हुने चार व्यक्तित्वमध्येकी एक नेपाली चेली गुरुङ रहनुभएको छ। उहाँले आफ्ना छोरीहरू राज्यविहीन भएपछि नेपालको नागरिकता कानुनमा सुधार का लागि अभियान चलाउनुभएको थियो।

"मैले आप्रवासी र शरणार्थीहरूको लागि आफूलाई समर्पित गर्ने निर्णय गरेँ। म शरणार्थीहरूलाई सहयोग गर्न, स्वागत गर्न र एकीकृत गर्न बढ्दो आवश्यकताबाट प्रेरित छु," माइलेसीले पुरस्कृत भएपछि दिएको संक्षिप्त टिप्पणीमा भन्नुभएको छ।

रोमन क्याथोलिक भिक्षुणीले माइग्रेसन एण्ड ह्युमन राइट्स इन्स्टिच्युटलाई शरणार्थीको हक हितका लागि नडराईकन काम गर्न निर्देशन दिँदै भन्नुहुन्छ, "म काम गर्न डराउँदिन, यद्यपि हामीले चाहेको सबै कुरा प्राप्त गर्न सक्दैनौँ। यदि मैले त्यसो गर्न सक्थेँ भने यसलाई प्राप्त गर्न म संसारलाई उल्टो पारिदिने थिए।"

यूएनएचसीआरले उहाँको कामको बारेमा प्रकाश पार्दै माइलेसीले शरणार्थीको हक र हितका लागि एक सशक्त वकीलको रूपमा काम गर्नुभएको छ। उहाँको कामले विशेष गरी ब्राजिलको १९९७ को शरणार्थी कानून निर्माणमा अन्तर्राष्ट्रिय मापदण्डअनुरूपको सार्वजनिक नीतिलाई आकार दिन 'महत्वपूर्ण' भूमिका खेलेको बताएको छ।

उहाँले ब्राजिलको सन् २०१७ को आप्रवासन कानुनमा पनि यस्तै भूमिका खेल्नुभएको थियो। यो कानुनले ब्राजिलका विभिन्न समूहलाई एक ठाउँमा ल्याउने र सांसदहरूलाई परिचालन गर्ने काम भएको थियो।

संयुक्त राष्ट्रसंघका शरणार्थी प्रमुख फिलिप्पो ग्रान्डीले जारी गरेको वक्तव्यमा भनिएको छ, "प्रायजसो महिलाहरूले भेदभाव र हिंसाको उच्च जोखिमको सामना गर्छन्, विशेष गरी जब उनीहरू भाग्न बाध्य हुन्छन्।"

उहाँले भन्नुभयो, "तर यी पाँच विजेताहरूले कसरी महिलाहरूले मानवीय प्रतिक्रिया र समाधान खोज्नमा महत्त्वपूर्ण भूमिका खेलिरहेका छन् भन्ने देखाउँछन्।"बुर्किना फासोकी अधिकारकर्मी मैमौना बाले १०० भन्दा बढी विस्थापित बालबालिकालाई कक्षाकोठामा फर्कन मद्दत गर्नुभएको थियो।

सिरियाली शरणार्थी र सामाजिक उद्यमी जिन डाभोद पनि क्षेत्रीयस्तरको राष्ट्रसङ्घीय शरणार्थी पुरस्कारबाट सम्मानित हुनुभएको छ। उहाँले हजारौं आघात पीडितहरूलाई लाइसेन्स प्राप्त चिकित्सकहरूसँग जोड्न अनलाइन प्लेटफर्म निर्माण गर्नुभएको थियो।

सयौं शरणार्थी परिवारहरूको लागि सहायता जुटाउने कामका लागि सुडानी शरणार्थी नाडा फाडोल पनि राष्ट्रसङ्घीय शरणार्थी पुरस्कारबाट सम्मानित हुनुभएको छ। जसले इजिप्टमा भागिरहेका सयौं शरणार्थी परिवारहरूको लागि सहायता जुटाए।

मोल्दोभाका नागरिकले छिमेकी युक्रेनको युद्धबाट भागेर आएका १० लाखभन्दा बढी मानिसहरूलाई समायोजित गर्ने सामूहिक प्रयासका लागि पुरस्कृत गरिएको छ। माथि उल्लेखित सबै पुरस्कार आगामी अक्टोबर १४ मा जेनेभामा प्रदान गरिनेछ।

सन् १९५४ मा स्थापना भएको नानसेन पुरस्कार अन्तर्गत विजेताको कामलाई परिपूरक बनाउने परियोजनाका लागि एक लाख अमेरिकी डलर प्राप्त गर्नेछन्। क्षेत्रीय विजेताले जनही २५ हजार अमेरिकी डलर प्राप्त गर्नेछन्। सन् १९२२ को नोबेल शान्ति पुरस्कार विजेता नर्वेजियन ध्रुवीय अन्वेषक फ्रिडजोफ नानसेनको नामबाट यो पुरस्कारको नामकरण गरिएको हो।

उहाँले नानसेन राहदानी विकास गर्नुभएको थियो। यसले सन् १९४२ सम्म शरणार्थीहरूको लागि एक परिचय पत्र र यात्रा अनुमतिको रूपमा काम गर्दथ्यो।नानसेन पुरस्कारको गत वर्षको विश्व विजेता सोमालियाका पूर्व शरणार्थी अब्दुल्लाही मिरे हुनुहुन्छ भने सन् २०२२ मा जर्मनीकी पूर्व चान्सलर एन्जेला मर्केल विश्व विजेता बन्नुभएको थियो।

विश्व समाचार

काश्मिरमा अपहरणपछि एक भारतीय सैनिकको मृत्यु

श्रीनगर, २३ असोज (रासस/एएफपी)।

भारत प्रशाशित काश्मिरमा निर्वाचनको परिणाम सार्वजनिक भएको केही घण्टापछि एक सैनिकलाई सन्दिग्ध लडाकूले अपहरण गरी हत्या गरेको प्रहरीले जनाएको छ।

भारत प्रशासित काश्मिरमा एक दशकपछि पहिलो पटक भएको विधान सभा निर्वाचनको परिणाम सार्वजनिक भएको केही घण्टापछि प्रहरीले एक सैनिकलाई सन्दिग्ध लडाकूले अपहरण गरी हत्या गरेको जनाएको छ।

सन् १९४७ मा बेलायती शासनबाट स्वतन्त्र भएदेखि नै मुस्लिम बाहुल्य रहेको काश्मिर भारत र पाकिस्तानबीच विभाजित छ।

अनन्तनाग जिल्लामा मङ्गलबार साँझ दुई सैनिकको अपहरण भएको प्रहरी अधिकारीले एएफपीलाई जानकारी दिएका छन्।"एक जना सैनिक भाग्न सफल भए। उनलाई दुई वटा गोली लागेको छ र उनको उपचार भइरहेको छ," नाम नबताउने शर्तमा ती अधिकारीले भने।

सैनिकद्वयको अपहरणपछि उनीहरूको खोजी सुरु गरिएको र केही घण्टापछि अर्थात् बुधबार बिहान अर्का एक सैनिकको शव जङ्गलमा फेला परेको थियो।

सन् १९८९ यता दशौँ हजार सर्वसाधारण, सैनिक र विद्रोही मारिएको सशस्त्र विद्रोहसँग जुधिरहेका काश्मिरमा कम्तीमा पाँच लाख भारतीय सेना तैनाथ छन्।

भारतले पाकिस्तानमाथि विद्रोहीलाई सहयोग र हतियार उपलब्ध गराएको आरोप लगाउँदै आएको छ।आणविक शक्ति सम्पन्न यी छिमेकीले सन् १९४७ देखि यस क्षेत्रको नियन्त्रणका लागि कैयौँ पटक लडाइँ गरेका छन्।

पाकिस्तानमा भएको आक्रमणको राष्ट्रसंघद्वारा निन्दा

संयुक्त राष्ट्रसङ्घ, २३ असोज (रासस/सिन्ह्वा)।

संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्ले मङ्गलबार एक प्रेस विज्ञप्ति जारी गर्दै पाकिस्तानको दक्षिणी बन्दरगाह सहर कराँचीमा आइतबार राति भएको आतङ्वादी हमलाको कडा निन्दा गरेको छ। आक्रमणमा दुई जना चिनियाँ लगायत धेरैजना पाकिस्तानी नागरिकहरूको मृत्यु हुनुका साथै कयौँ पाकिस्तानी नागरिकहरू घाइते भएका छन्।

सुरक्षा परिषद्का सदस्यहरूले "जिन्ना अन्तर्राष्ट्रिय विमानस्थल, कराँची, पाकिस्तान नजिकै भएको हमलाको एक विज्ञप्तिमार्फत निन्दा गरेका छन्। विज्ञप्तिमा भनिएको छ, "पीडित परिवार तथा चीन र पाकिस्तानका सरकारप्रति समवेदना व्यक्त गरेका छन् भने घाइतेहरूको शीघ्र तथा पूर्ण स्वास्थ्य लाभको कामना गरेका छन्।"

परिषद्का सदस्यहरूले आतङ्वादको सबै रूप तथा अभिव्यक्ति अन्तर्राष्ट्रिय शान्ति र सुरक्षाका लागि गम्भीर खतरा भएको दोहोऱ्याउदै आतङ्वादमा अपराधी, र प्रायोजकलाई जवाफदेही बनाउन कानुनी दायरामा ल्याउन आवश्यक रहेको उल्लेख गरेका छन्।

यसैगरी अधिकारीहरुले सबै राज्यहरूलाई अन्तर्राष्ट्रिय कानून र सुरक्षा परिषद्का प्रस्ताव अन्तर्गतका दायित्वहरू अनुसार चीन र पाकिस्तानका सरकारसहित अन्य सान्दर्भिक अधिकारीहरूसँग सक्रिय रूपमा सहयोग गर्न आग्रह गरेका छन्।

सुरक्षा परिषद्का सदस्यहरूले आतङ्वादको कुनै पनि कार्य आपराधिक र अन्यायपूर्ण रहेको ठहर गर्दै सबै राष्ट्रहरूले संयुक्त राष्ट्रको बडापत्र र अन्तर्राष्ट्रिय कानून अन्तर्गतका अन्य दायित्व अवलम्बन गर्दै आतङ्वादले अन्तर्राष्ट्रिय शान्ति-सुरक्षामा हुने खतराविरुद्ध लड्नुपर्ने आवश्यकतामा जोड दिए।

उक्त आतङ्कवादी हमलाको प्रतिबन्धित सङगठन बलुचिस्तान लिबरेसन आर्मीले जिम्मेवारी लिइसकेको छ।

पाकिस्तानमा प्रदुषणका कारण भाइरसजन्य रोगमा वृद्धि

कराँची, पाकिस्तान, २३ असोज (रासस/एएनआई)।

खराब धुवाँ अपर्याप्त सरसफाई, अस्वच्छ अवस्था र फोहोर व्यवस्थापन प्रणालीको असफलताका कारण पाकिस्तान डेङ्गु, मलेरिया र चिकनगुन्या जस्ता भाइरसजन्य रोगका केसहरुमा निरन्तर वृद्धि भइरहेको छ भने कराँचीका बासिन्दाहरूको स्वास्थ्यमा गम्भीर असर पारेको छ।

सिन्ध स्वास्थ्य विभागले सेप्टेम्बरमा मात्रै उक्त प्रान्तका एक हजार ५०० भन्दा बढी मानिस डेङ्गु भाइरसबाट प्रभावित भएको तथ्याङ्क सार्वजनिक गरेको डन पत्रिकाले जनाएको छ।

पाकिस्तान मेडिकल एसोसिएसनका पूर्व महासचिव डा. कैसर सज्जादले विगत १०-१५ वर्षमा भाइरसजन्य रोगको सङ्ख्या बढेको बताउनुभएको छ। समाधानका लागि कराँचीमा सरसफाई र स्वच्छताको सन्दर्भमा गरिब सहर बनेको डर व्यक्त गर्दै उहाँले फोहोर व्यवस्थापन गर्न प्रभावकारी प्रणाली नभएसम्म अवस्था बिग्रने उल्लेख गर्नुभएको छ।

उहाँले डेङ्गु, मलेरिया र चिकनगुन्याका सन्दर्भमा सहरको स्वच्छताको अभावले पनि राइनोभाइरस, राइनोफ्यारिन्जाइटिस र टाइफाइडको वृद्धि भएको बताउनुभएको छ।

स्थानीय प्रशासनले रोग नियन्त्रणको 'व्यापक' प्रयासको दाबी गरेपनि, नगरपालिका र स्वास्थ्य अधिकारीहरूले लिएको दृष्टिकोण यसको प्रभावकारिताको कमीका कारण प्रश्न उठेको डनले जनाएको छ।

सन् २०१६ मा सहरमा प्रारम्भिक चिकनगुन्याको प्रकोप हुँदा सङ्क्रामक रोगहरूबारे स्वास्थ्य मन्त्रालयका सल्लाहकार महामारी विज्ञान र निगरानी विशेषज्ञ डा राणा जावेद असगरले धुम्रपान रणनीतिको आलोचना गर्दै यसले न्यूनतम प्रभाव पारेको उल्लेख गर्नुभएको थियो।

एउटै प्रकारको लामखुट्टेले डेङ्गु, जिका भाइरस र चिकनगुन्या फैलाउने बताउँदै एक पटक यस्तो प्रकोप सुरु भएपछि सहजै नियन्त्रण गर्न नसकिने भएकाले प्रकोप सुरु हुनुभन्दा केही समयअघि नै सुरु गर्नुपर्ने उहाँले बताउनुभयो।

बाढी प्रभावितलाई नगद राहत वितरण

दैनिक समाचारदाता
राजविराज, २३ असोज ।

सप्तरीको तिलाठी कोईलाडी गाउँपालिकाले वडा नं. ४ कोईलाडीका बाढी प्रभावितहरुलाई बुधबार नगद राहत वितरण गरेको छ ।

युनिसेफको सहयोगमा गाउँपालिकाले केन्द्रीय विपद् प्रतिकार्य कोष कार्यक्रम अन्तर्गत कोशी नदीमा पूर्वानुमानमा आधारित पूर्व कार्यमार्फत सबल नेपालको प्राविधिक सहयोगमा २ सय ५२ परिवारलाई १५ हजार रुपैयाँका दरले राहत रकम वितरण गरेको हो ।

लाभग्राहीमध्ये १ सय २४ जनालाई बैंक खातामार्फत रकम पठाइएको छ भने १ सय २८ जनालाई पालिकाको कार्यालयमा नगद वितरण गरिएको विपद् ब्यवस्थापन अधिकृत राजेश कुमार झाले जानकारी दिएका छन् ।

बाढी प्रभावित परिवारलाई नगद राहत वितरण गर्दा परिवारले आवश्यकता अनुसार खर्च गर्न पाउने भन्दै गाउँपालिका अध्यक्ष अरुण कुमार मण्डलले दशैं जस्ता महान पर्वको समयमा नगद राहत पाउँदा लाभग्राहीले खुशी ब्यक्त गरेको बताए ।

सो कार्यक्रममा गाउँपालिकाका अध्यक्ष अरुण कुमार मण्डल, वडा नं. ४ का वडा अध्यक्ष मुनिलाल मुखिया, युनिसेफका सामाजिक नीति अधिकृतद्वय विष्णुमाया भट्टराई र प्रकाश आचार्य, गाउँपालिकाका किशोर कुमार झा, रतन मिश्र, सबल नेपालका नवनीत जयसवाल, दिलीप यादव, महेश दास लगायतको सहभागिता रहेको थियो ।

बाढीबाट मधेसमा ८० करोडभन्दा बढीको क्षति

धनुषा, २३ असोज (रासस) ।

हालैको बाढीबाट मधेस प्रदेशमा रु ८० करोड ४५ लाख भन्दा बढीको क्षति भएको छ ।

मधेस प्रदेशका ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयका सचिव जक्की अहम्द अन्सारीका अनुसार बागमती, लालबकैया, झाझ, लमहा र गुजरा खोलाको बाढीले सबैभन्दा बढी क्षति रौतहटमा भएको छ । यो क्षति रु १९ करोड ५० लाखभन्दा बढीको हो ।

सप्तरीको बलान, त्रियुगा, महुलीको बाढीले रु १२ करोड ८० लाख तथा धनुषामा रातु, चारनाथ, कमला, जल्लाद, औरही, खहरे र वडहरीको बाढीबाट रु नौ करोड ५० लाखको क्षति भएको छ ।

यसैगरी, सर्लाहीमा बागमती, लखनेहीसहितका खोलाको बाढीले रु नौ करोड २५ लाख, बारामा रु आठ करोड ५० लाख, सिरहामा रु सात करोड ९० लाख, महोत्तरीमा रु सात करोड ५० लाख र पर्सामा रु पाँच करोड ५० लाखभन्दा बढीको क्षति भएको छ । बढीबाट क्षति भएका संरचनाको मर्मतसम्भारका लागि प्रदेश सरकारले रु आठ करोड निकासा गरेको छ ।

स्कारपियोबाट १ सय …

वर्षीय राम दुलार यादव रहेको सप्तरीका प्रहरी प्रमुख ढकेन्द्र खतिवडाले जानकारी दिए ।

शंकास्पद लागी रोकी चेकजाँच गर्दा स्कार्पियो भित्र लुकाइ छिपाइ राखिएको ५ वटा बोरा १ सय२० किलोग्राम लागुऔषध गाजाँ बरामद गरी स्कार्पियो सहित दुबैजनालाई नियन्त्रणमा लिएर आवश्यक कानुनी प्रकृया अगाडी बढाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

दोहोरो नागरिकताको …

बताउनुभयो । उहाँले सङ्घको स्थापनापूर्वदेखि नै नेपालको समृद्धिमा गैह्रआवासीय नेपालीको भूमिकाका लागि आफू लागेको उल्लेख गर्दै कामका लागि विदेश गएकालाई एनआरएनएको परिभाषामा नराख्न आग्रह गर्नुभयो । उहाँले सङ्घलाई राजनीतिक आधारमा नभइ सबै गैह्रआवासीय नेपालीको साझा संस्थाका रूपमा अघि बढाउन सुझाव दिनुभयो ।

यसैगरी बुधबारै विद्युत् उत्पादन कम्पनी लिमिटेडका अध्यक्ष सुरेश आचार्यबाट कम्पनी र त्यहाँका कर्मचारीसमेतबाट रु ६ लाख ४६ हजार पाँच सय तथा नेपाल इन्स्योरेस्स कम्पनी, भारतबाट रु १० लाख कोषमा हस्तान्तरण भएको छ ।

हार्दिक मंगलमय शुभकामना

२०८१ सालको विजयादशमी, दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, नगरवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौं ।

भुपेन्द्र प्रसाद यादव
अध्यक्ष, तथा
समाज सुधार बचत तथा ऋण सहकारी संस्था लि.
संचालक समिति परिवार
राजविराज ८, सप्तरी

हार्दिक मंगलमय शुभकामना

२०८१ सालको विजयादशमी, दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, गाउँवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौं ।

विश्वनाथ मण्डल
अध्यक्ष
तथा
जन ज्योति कृषि सहकारी संस्था लिमिटेड
संचालक समिति परिवार
राजविराज ९, मलेठ, सप्तरी

हार्दिक मंगलमय शुभकामना

२०८१ सालको विजयादशमीको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण ग्राहक, कर्मचारी, शेयर सदस्य, पदाधिकारी एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौं ।

सचिन्द्र दास
अध्यक्ष, तथा
जनमूखी बहुउद्धेश्यीय सहकारी संस्था लि.
राजविराज ४, सप्तरी, परिवार

हार्दिक मंगलमय शुभकामना

२०८१ सालको विजयादशमीको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण ग्राहक, कर्मचारी, शेयर सदस्य, पदाधिकारी एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौं ।

शत्रुघन प्रसाद गुप्ता
अध्यक्ष, तथा
नेपाल सहकारी संस्था लि.
राजविराज ३, सप्तरी, परिवार

प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर,
मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*